# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्या: ११, कार्तिक १७ गते, २०८२ साल


व्यास नगरपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगर कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।६।२२

**प्रस्तावना** : व्यास नगरपालिकाको आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा रहेको कृषि तथा पशुपालन व्यवसायलाई मर्यादित, आधुनिक, प्रतिष्पर्धी र व्यवसायिक बनाउँदै यन्त्र/उपकरणहरूको उपलब्धता, प्राविधिक तथा कृषि प्रविधि प्रसार सेवा, बजार तथा भण्डारण पूर्वाधार र बजारीकरण सहजीकरणका माध्यमबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, आय आर्जन तथा रोजगारीको अवसर अभिवृद्धि गर्न वाञ्छिनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगर कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमका लागि यस कार्यालयबाट उपलब्ध गराइने नगद रकम वा वस्तुगत सहायता वा दुवैलाई सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले व्यास नगरपालिका कृषि तथा पशु सेवासँग सम्बन्धित स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनुपर्छ ।
(ग) "कृषि जन्य वस्तु" भन्नाले खाद्यान्न बाली, बागबानी, मौरी, च्याउ, तेलहन, दलहन, विभिन्न जातका तरकारी, फलफूल आदि कृषिसँग सम्बन्धित उत्पादन सम्झनुपर्छ ।
(घ) "कृषक समूह" भन्नाले व्यवसायिक रूपमा कृषि तथा पशुपालन पेशालाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको कृषक समूह, कृषिकबाट गठित सहकारी समिति, कृषि फार्म, कृषि कम्पनी समेत सम्झनुपर्छ ।
(ङ) "पशुजन्य वस्तु" भन्नाले घरपालुवा पशुपंक्षी तथा माछाजन्य ताजा वा नासवान वस्तु सम्झनुपर्छ ।
(च) "प्रस्ताव" भन्नाले साझेदारीमा कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनुपर्छ ।
(छ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।
(ज) "सहकारी" भन्नाले सहकारी ऐन, २०७४ तथा सहकारी नियमावाली, २०७५ र कानुन बमोजिम विभिन्न विषयगत सहकारी सम्झनुपर्छ ।
(झ) "साझेदार संस्था" भन्नाले कार्यक्रम सञ्चालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरू वा सरकारी एवं गैरसरकारी क्षेत्र बीच द्विपक्षीय र बहुपक्षीय सम्झौताको आधारमा हुने लागत सहभागिता सम्झनुपर्छ ।
(ञ) "शाखा" भन्नाले कृषि, पशुपंक्षी तथा सहकारी विकास शाखा सम्झनुपर्छ ।
(ट) "समिति" भन्नाले व्यास नगरपालिकाको आर्थिक विकास समिति सम्झनुपर्छ ।
(ठ) "वडा वर्गीकरण" भन्नाले व्यास नगरपालिका भित्रका वडा नं.१ देखि ४ सम्मलाई शहरी वडा, वडा नं.५ र १० अर्धशहरी र बाँकी वडाहरु ग्रामिण वडा भन्ने सम्झनुपर्छ ।
(ड) "कार्यपालिका" भन्नाले व्यास नगर कार्यपालिका सम्झनुपर्छ ।

## परिच्छेद २
## उद्देश्य

३. **उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहनेछ :
(क) व्यास नगरपालिकाबाट सञ्चालन हुने कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन प्रकृयालाई सरल, सहज, गुणस्तरीय र व्यवस्थित बनाउने ।
(ख) अनुदान वितरण तथा लाभग्राहीहरुको छनौट प्रकृयालाई प्रभावकारी, पारदर्शी र निष्पक्ष बनाउने ।
(ग) कृषि तथा पशुपालन व्यवसायलाई यान्त्रिकीकरण, वैज्ञानिकीकरण र व्यवसायीकरण, नविनतम् प्रविधि प्रवर्द्धनमा जोड दिंदै दिगो, मर्यादित, प्रतिष्पर्धी एवं उत्पादनमूलक बनाउने ।
(घ) नगरपालिका भित्रका व्यवसायिक कृषकहरुलाई अनुदान र प्रविधिको माध्यमबा प्रोत्साहित गर्ने ।
(ङ) ग्रामिण, अर्धशहरी र शहरी वडाहरुका बीच उत्पादन र बजार व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

## परिच्छेद ३
## कार्यक्रमहरू कार्यान्वयन प्रक्रिया

४. **सूचना प्रकाशन** : स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनका लागि नगरपालिका भित्रका व्यवसायिक कृषक, कृषि फर्म, कृषि सहकारी तथा कृषक समूहलाई लक्षित गरी **अनुसूची १** बमोजिमको कम्तिमा १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

५. **प्रस्ताव आवेदन** : सूचनामा उल्लेख भएबमोजिम कार्यक्रम सञ्चालनका लागि उपयुक्त र इच्छुक प्रस्तावकहरूले **अनुसूची २** बमोजिमको आवेदन, **अनुसूची ३** बमोजिमको संक्षिप्त कार्ययोजना,

**अनुसूची ४** बमोजिमको लागत साझेदारी प्रतिवद्धता पत्र, सम्बन्धित वडा कार्यालयको सिफारिस र अन्य सान्दर्भिक कागजातहरू संलग्न राखी नगरपालिकामा आवेदन दर्ता गर्नुपर्नेछ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारबाही हुने छैन ।

६. **अनुगमन तथा मूल्याङ्कन :**

(क) तोकिएको समय सीमा भित्र विधिवत रूपमा पेश हुन आएका प्रस्तावहरूको विद्यमान आर्थिक विकास समिति र सम्बन्धित शाखा/उपशाखाले **अनुसूची ६** बमोजिम अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी अनुदानग्राही छनौटका लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(ख) प्रस्ताव मूल्याङ्कन, अनुगमन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) रितपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(२) आवेदन साथ पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्ने ।

(३) आवेदन पेश गर्ने आवेदक (कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि कम्पानी आदि) को स्थलगत निरीक्षण तथा अनुगमन गर्ने ।

(४) आवेदन प्रस्ताव र निरीक्षण एवं अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि (कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि कम्पनी आदि) छनौट गर्ने ।

(५) उक्त कार्यका लागि समितिले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

७. **प्रस्ताव छनौट, जानकारी र सम्झौता :**

(क) नगरपालिकाले सात दिनको समयावधि राखी छनौट सूची प्रकाशन गरी सम्झौताका लागी सूचना प्रकाशन गर्नेछ ।

(ख) प्रस्ताव छनौट बारे अन्य आवेदक संस्थाले सात दिनभित्र छनोटमा चित्त नबुझे नगरपालिकामा उजुरी गर्न सक्नेछन् ।

(ग) विवाद नभई छनौट भएका आवेदकसँग अनुसूची ५ बमोजिमको द्विपक्षीय सम्झौता गरी तोकिएको कार्यक्रम कार्यान्वयन गरिनेछ । विवाद भएमा उजुरी परेको सात दिनभित्र विवादको टुङ्गो लागेपछि सात दिनभित्र सम्झौता गर्नुपर्नेछ ।

(घ) तोकिएको समयभित्र द्विपक्षीय सम्झौता नभएमा योग्यताक्रम अनुसारका छनौट हुने आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(ङ) कार्यक्रम सञ्चालन हुने स्थानमा **अनुसूची ७** अनुसारको सूचना पाटी राख्नुपर्नेछ ।

८. **भुक्तानी प्रक्रिया :**

(क) सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुलाई अनुदान प्रदान गरिने छैन ।

(ख) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्यसम्पन्न गरिसकेपछि प्राविधिकले तयार गरेको अन्तिम मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन, बिल भर्पाइ, सम्बन्धित वडा कार्यालयको सिफारिस र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागी निवेदन पेश गरे पश्चात् अनुगमन समितिबाट स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा नियमानुसारको कर कट्टी गरी हुन आउने रकम साझेदारको बैंक खातामा भुक्तानी गरिनेछ ।

९. **कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व :**

(क) कार्यक्रम कार्यान्वयनका सिलसिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धी जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त शाखा/उपशाखाको हुनेछ ।

(ख) सम्झौता बमोजिमको कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखी सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

## परिच्छेद ४
## तरकारी तथा पुष्प खेती प्रवर्द्धन कार्यक्रम

१०. **च्याउ खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम :** (१) गुणस्तरीय च्याउ बीउको प्रयोग, उन्नत प्रविधिको उपयोग र उत्पादित वस्तुको विविधीकरण मार्फत नगरपालिका भित्र वातावरण अनुकुल

च्याउ खेतीलाई व्यवसायिक र नाफामूलक बनाई कृषकहरूको आयस्तरमा सुधार गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उद्देश्य :

(क) विभिन्न जातको च्याउको व्यवसायिक खेती प्रवर्नद्धन गरी आयआर्जन वृद्धि गर्ने ।

(ख) च्याउ खेतीको लागि विकसित भएका विभिन्न नविन प्रविधिहरूको अनुशरण गर्दै व्यवसायिक उत्पादनको लागि प्रोत्साहन गर्ने ।

(३) प्राविधिक पक्ष :

(क) व्यवसायिक च्याउ उत्पादन कार्यक्रममा उत्पादनदेखि बजारीकरणसम्मको प्रविधिहरूको अवलम्बन गर्नुपर्नेछ ।

(ख) उत्पादनको लागि आवश्यक संरचनाहरु एवं सामग्रीहरुमा अनुदान उपलब्ध गराइनेछ ।

(ग) च्याउ उत्पादनको लागि निर्धारित क्षमता अनुसारको अस्थायी संरचनाको बाँसको टनेलको आकार, प्रकार र इष्टिमेट प्राविधिकबाट गराउनुपर्नेछ ।

(घ) कार्यक्रम सञ्चालन गर्न इच्छुक व्यवसायिक कृषक, कृषक समूह/सहकारी/फार्म/कृषि सहकारी कम्पनीले आवेदन दिन सक्नेछन् ।

(ङ) अनुदानग्राहीले अनुदान प्राप्त गरिसकेपछि कम्तिमा पनि ३ वर्षसम्म व्यवसायलाई निरन्तरता दिनुपर्नेछ ।

(४) आर्थिक पक्ष

| सि. नं. | कियाकलाप विवरण | कियाकलापको विस्तृतीकरण | अनुदानको सीमा बढीमा |
|---|---|---|---|
| १. | संरचना निर्माण | टनेल (बाँस, सिल्पोलिन प्लाष्टिक, प्याकेजिङ प्लाष्टिक आदि) | ५०% अनुदान |
| २. | कृषि औजार उपकरण | स्प्रेयर, ड्रम, डोरी,बोरा आदि | ५०% अनुदान |
| ३. | विषादी | विषादी खरिद | ५०% अनुदान |
| ४. | स्पन बीउ | स्पन खरिद | ५०% अनुदान |
| ५. | तालिम | खेती प्रविधि तालिम, नमूना झोला, बीउ आदि | १००% अनुदान |

**११. <u>पुष्प खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम</u> :** (१) वर्तमान परिपेक्ष्यमा फूल तथा फूलजन्य उत्पादनको माग दिनानुदिन बढ्दो क्रममा रहेको र नगरपालिकाको भौगोलिक परिवेश, उपलब्ध स्रोत साधन र सम्भावनाको सदुपयोग गर्दै पुष्प क्षेत्रको विकास एवं विस्तार गरी व्यवसायिक बनाई आय आर्जनसँग जोड्न आवश्यक देखिएकाले यस कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उद्देश्य :

(क) पुष्प व्यवसायतर्फ कृषकहरूलाई आकर्षण गरी आयमूलक व्यवसायको रुपमा स्थापित गर्ने,

(ख) पुष्प व्यवसायको विकास र विस्तार गरी पुष्प तथा पुष्पजन्य उत्पादनको उपलब्धता बढाउने,

(ग) पुष्प खेतीको व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरणमा आवश्यक सेवा टेवा पुर्याउने ।

(३) प्राविधिक पक्ष :

(क) कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक, कृषक समूह/सहकारी/फर्म/कम्पनीले आवेदन दिन सक्नेछन् ।

(ख) प्रस्तावित स्थान व्यवसायिक पुष्प खेती प्रवर्द्धन तथा विस्तारको सम्भावना भएको हुनुपर्नेछ ।

(४) कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरू :

(क) बीउ/बेर्ना खरिद,
(ख) मलखाद, प्लान्ट हर्मन तथा सूक्ष्म तत्व खरिद,
(ग) रसायनिक तथा जैविक विषादी खरिद,
(घ) आवश्यक औजार उपकरण खरिद,
(ङ) बजारीकरणको लागि आवश्यक सामग्रीहरू (प्याकेजिङ, लेवलिङ, कार्टुन बक्स आदि)

(५) आर्थिक पक्ष : स्वीकृत बजेटको परिधिमा रहि कुल लागतको बढिमा ५० प्रतिशत अनुदान दिन सकिनेछ ।

१२. **सुन्तला लगायत फलफूल बगैंचा व्यवस्थापन (५० प्रतिशत अनुदान) कार्यक्रम :** नगरपालिकामा व्यवसायिकस्तरमा स्थापना भएका फलफूल बगैंचाहरूमा आधुनिक बगैंचा व्यवस्थापन विधि अवलम्बन गरी फलफूल बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न यस कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उद्देश्य : व्यवसायिकस्तरमा स्थापना भएका बगैंचाहरूको प्रवर्द्धन, सम्बर्द्धन र विस्तारका लागि आवश्यक सहयोग एवं प्रभावकारी प्राविधिक सेवा प्रदान गर्ने ।

(३) प्राविधिक पक्ष : यस कार्यक्रममा सहभागी हुन सुन्तला जातका फलफूल खेतीको हकमा प्रति व्यक्ति कम्तिमा ५ रोपनी (कृषक समूह/सहकारीको हकमा कम्तिमा १० घरधुरी संलग्न भई ५० रोपनी) र अन्य फलफूल (ड्रागन, एभोकाडो, मेकेडेमिया नट आदि) को हकमा प्रतिव्यक्ति कम्तिमा ३ रोपनी (कृषक समूह/सहकारीको हकमा कम्तिमा १० घरधुरी संलग्न भई ३० रोपनी) क्षेत्रफलमा फलफूल खेती गरेको हुनुपर्ने ।

द्रष्टव्यः फलफूल बगैंचा उचित व्यवस्थापनका लागि बिरुवाको तालिम तथा काँटछाँट, सिंचाइ तथा निकास व्यवस्थापन, खाद्यतत्व व्यवस्थापन, बाली संरक्षण सामग्री तथा प्रविधि सहयोग, औजार तथा उपकरण सहयोग, तालिम लगायतका कार्यहरु सञ्चालनका लागि स्वीकृत बजेट अनुसार आर्थिक/प्राविधिक सहयोग उपलब्ध गर्न सकिनेछ ।

(४) आर्थिक पक्ष : स्वीकृत लक्ष्य तथा बजेटको परिधिभित्र रहि उल्लिखित क्रियाकलापहरू सञ्चालनको लागि कुल लागतको बढीमा पचास प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।

१३. **बाली संरक्षण प्रविधि हस्तान्तरण (५० प्रतिशत) अनुदान कार्यक्रम :** कृषकले स्थानीय स्तरमा उत्पादन गर्ने रैथाने समेत खाद्यान्न बाली, तरकारी बाली, फलफूल लगायतका कृषिजन्य बालीमा लाग्ने रोग तथा किरा नियन्त्रण गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिनेछ । कृषक समुदायलाई नवीन प्रविधि मार्फत सशक्त बनाउँदै उत्पादन लागत घटाउन सहायता पुऱ्याउने लक्ष्य राखिएको छ ।

(२) प्राविधिक तथा आर्थिक पक्ष : सिजन अनुसार खेती गरिने कृषिजन्य बालीहरूमा लाग्ने रोग किराको लक्षण विश्लेषण गरी आवश्यक बाली संरक्षण सामग्रीहरु (Pheromone trap, ligt trap, sticky trap, biopesticides, sprayer, chemical pesticides etc.) बढिमा ५० प्रतिशत अनुदानमा कृषक, कृषि फर्म, कृषि सहकारी तथा कृषक समूहहरूलाई वितरण गरिनेछ ।

१४. **आलु लगायत तरकारी पकेट क्षेत्र ५० प्रतिशत अनुदान :** नगरपालिकाको एक प्रमुख बालीको रुपमा रहेको आलु तथा तरकारी बाली वर्षेनी उत्पादन र उत्पादकत्व बृद्धि भइरहेको अवस्थालाई मध्यनजर गर्दै आलु तथा तरकारी खेतीमा आवद्ध कृषकहरूको व्यवसाय प्रवर्द्धन गर्न गुणस्तरीय बीउको प्रयोग, उन्नत प्रविधिको उपयोग र उत्पादित वस्तुको विविधीकरण मार्फत आलु तथा तरकारी खेतीलाई व्यवसायिक र नाफामूलक बनाई कृषकहरूको आयस्तरमा सुधार गर्ने उद्देश्यले यस कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उद्देश्य :

(क) तरकारी, बीउ तथा खायन आलुको व्यवसायिक रूपमा उत्पादन गरी आन्तरिक तथा बाह्य बजारमा निर्यात गरी आयआर्जन वृद्धि गर्ने ।

(ख) तरकारी एवं आलु खेती प्रविधिको लागि विकसित भएका विभिन्न नवीन प्रविधिहरूको अनुशरण गर्दै व्यवसाय विस्तार एवं प्रवर्द्धन गर्ने ।

(ग) उत्पादित वस्तुको मूल्य श्रृङ्खलासँग जोड्दै बजारीकरणमा सहयोग गर्ने ।

(३) कार्यक्रमको प्राविधिक पक्ष : आलु लगायत तरकारी पकेट क्षेत्र कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ ।

(क) आलु पकेट क्षेत्र ५०% अनुदान कार्यक्रम : कृषि सहकारी/कृषक समूहद्वारा कम्तिमा १० घरधुरी संलग्न भई कम्तिमा २० रोपनीको क्षेत्रफल कायम गर्नुपर्नेछ ।

(नोटः बीउ आलु उत्पादन गर्न इच्छुक कृषि सहकारी/कृषक समूहद्वारा कम्तिमा १० घरधुरी संलग्न भई कम्तिमा १० रोपनीको क्षेत्रफल कायम गर्नुपर्नेछ)

(ख) तरकारी उत्पादन क्षेत्रफलमा आधारित प्रोत्साहनमा सहयोग : व्यवसायिक कृषक/कृषि फर्म/कम्पनी मार्फत २ रोपनी क्षेत्रफल र कृषक समूह/सहकारीको हकमा कम्तिमा १० घरधुरी संलग्न भई २० रोपनीमा खेती गरेको हुनुपर्ने ।

(४) कार्यक्रमको आर्थिक पक्ष : स्वीकृत बजेटको परिधिमा रहि तपसिल क्रियाकलापमा अनुदान दिन सकिनेछ ।

| सि.नं. | क्रियाकलाप विवरण | क्रियाकलाप विस्तृतीकरण | अनुदान सहयोग (कुल लागतको बढीमा) | कैफियत |
|---|---|---|---|---|
| १. | बीउ विजन | खरिद | ५० प्रतिशत | बीउ तथा खायन आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम |
| २ | कृषि औजार उपकरण/ प्राङ्गारिक मल | स्प्रेयर, बोरा, हाते ट्र्याक्टर, गोठेमल आदि | ५० प्रतिशत | बीउ आलु उत्पादन तथा प्रवर्द्धन |
| ३. | बाली संरक्षण सामग्री | प्राङ्गारिक तथा रसायनिक विषादी, मोहनी पासो, बत्तीको पासो, स्टिकी पासो आदि खरिद | ५० प्रतिशत | बीउ तथा खायन आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम |
| ४. | कृषक क्षमता अभिवृद्धि तालिम | खेती प्रविधि तालिम | १०० प्रतिशत | |
| ५. | तरकारी उत्पादन क्षेत्रफलमा प्रोत्साहन सहयोग | सम्झौता पश्चात् खेती गरेको हुनुपर्ने | रु.३,०००। प्रति रोपनी प्रोत्साहन सहयोग | |

१५. **मौरी गोला, घार तथा अन्य उपकरण वितरण कार्यक्रम :** (१) मौरीपालन प्रविधिमा आधारित पेशा भएको हुँदा कृषकहरूलाई आधुनिक मौरीपालनतर्फ अग्रसर गराउन ग्रामीणस्तरसम्म मौरीपालन प्रविधि प्रसार गर्न र गुणस्तरीय तालिम मार्फत सैद्धान्तिक तथा व्यवहारिक ज्ञान तथा क्षमता अभिवृद्धि गराई मौरीपालन व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायीकरणतर्फ उन्मुख गर्न यस कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उद्देश्य :

(क) परम्परागत तरिकाले मौरीपालन गर्दै आएका कृषकहरुलाई तालिम मार्फत उचित सीप तथा प्राविधिक ज्ञान प्रदान गर्ने,

(ख) नगरपालिकामा मौरी पकेट क्षेत्र विस्तार गर्दै गुणस्तरीय मह उत्पादनमा जोड दिई पालिकालाई महमा आत्मनिर्भर बनाउने,

(ग) नगरपालिका भित्रका न्यून आयस्तर भएका कृषकहरुलाई मौरी गोला, घार तथा आवश्यक उपकरण सहयोगको माध्यमबाट कृषकको आय आर्जन वृद्धि गर्ने ।

(३) प्राविधिक पक्ष : मौरी गोला, घार तथा अन्य उपकरण वितरण कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ :

(क) मौरीपालन सम्बन्धी आधारभूत तालिम (कम्तिमा ५ कार्य दिन) प्रदान गरिने,

(ख) मौरी गोला, घार तथा उपकरण वितरण गर्ने,

(४) आर्थिक पक्ष : स्वीकृत बजेटको परिधिमा रहि तपसिल क्रियाकलापमा अनुदान दिन सकिनेछ ।

| सि. नं. | क्रियाकलाप विवरण | क्रियाकलापको विस्तृतीकरण | अनुदानको सीमा बढीमा |
|---|---|---|---|
| १. | मौरी गोला तथा खाली घार | खरिद वितरण | ७५ प्रतिशत |
| २. | मौरी पालनमा आवश्यक उपकरण | मौरी घारस्टाण्ड १.५ फुट, स्मोकर, रानी ढोका, पञ्जा, घुम्टो, मौरी छोप्ने झोला, आदि | ७५ प्रतिशत |
| ३. | कृषक क्षमता अभिवृद्धि तालिम | मौरीपालन सम्बन्धी आधारभूत तालिम (कम्तिमा ५ कार्य दिन) | १०० प्रतिशत |

(५) लाभान्वित समूह : व्यवसायिक कृषक, कृषि फर्म, कृषि सहकारी तथा कृषक समूह ।

१६. **माटो सुधार तथा परीक्षण, कृषि चुन र जिप्सम वितरण कार्यक्रम :** (१) विभिन्न बाली वस्तुहरु लगाउने माटोमा रहेका खाद्य तत्वहरु, अम्लियपना, क्षारियपना, प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरुको आवश्यकता अनुरुप खाद्यतत्व आपूर्ति गर्न र स्थलगत रुपमा कृषकहरुको खेतवारीको माटो परीक्षण सेवा उपलब्ध गराउन यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उद्देश्य :

(क) माटोमा रहेको खाद्यतत्व पहिचान, सम्बद्ध समस्याहरुको समाधानका लागि कृषि चुन, जिप्सम वितरण गरी माटोको उर्वराशक्ति व्यवस्थापन, विरुवाको विकास र वृद्धिमा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउने ।

(ख) स्थलगत रुपमा माटो विश्लेषण गरी व्यवस्थापन सम्बन्धी प्रविधि सिफारिस गर्नु ।

(३) प्राविधिक पक्ष : यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ :

(क) माटो नमूना सङ्कलन तथा कृषि चुन प्रयोग सम्बन्धी तालिम,

(ख) माटो नमूना परीक्षण शिविर,

(ग) कृषि चुन तथा जिप्सम वितरण ।

(४) कार्यक्रम सञ्चालन प्रक्रिया :

(क) नगरपालिकाद्वारा कृषि प्राविधिकसँगको सहकार्यमा विभिन्न वडाका कृषकहरुलाई माटो नमूना सङ्कलन तथा कृषि चुन प्रयोग सम्बन्धी तालिम दिइनेछ ।

(ख) सङ्कलन भएको माटो नमूनाहरूको परीक्षणमा लाग्ने राजश्व शुल्क, प्राविधिक सहयोग, रियजेन्ट तथा अन्य आवश्यक सामग्री व्यवस्थापन गरी स्वीकृत बजेटको परिधि भित्र रहि नगरपालिका र माटो तथा मल परीक्षण प्रयोगशाला,

गण्डकी प्रदेशको समन्वयमा mobile van/soil kit box विधिबाट माटो परीक्षण गरिनेछ ।

(ग) माटो परीक्षण प्रतिवेदन अनुसारको माटोको प्राङ्गारिक पदार्थ, PH मानलाई मध्यनजर गर्दै कृषि चुन तथा जिम्सम वितरण कार्यक्रम कार्यन्वयन गरिनेछ ।

(घ) कृषक छनौट मापदण्डः माटो परीक्षण गर्न इच्छुक कृषक, कृषि फर्म, कृषि सहकारी तथा कृषक समूह ।

(५) आर्थिक पक्ष : माटो शिविर सञ्चालन गर्दा देहाय अनुसार खर्च गर्न सकिनेछ :

| सि. नं. | कियाकलाप विवरण | कियाकलापको विस्तृतीकरण | अनुदान सहयोग (कुल लागतको बढीमा) |
|---|---|---|---|
| १. | कृषक क्षमता अभिवृद्धि तालिम | माटो नमूना सङ्कलन तथा कृषि चुन प्रयोग सम्बन्धी तालिम | १०० प्रतिशत |
| २. | माटो परीक्षण शिविर | शिविरको लागि आवश्यक राजश्व शुल्क, प्राविधिक सहयोग, रियजेन्ट तथा अन्य आवश्यक सामग्री व्यवस्थापन ( नगरपालिका, माटो तथा मल परीक्षण प्रयोगशाला गण्डकी प्रदेशको समन्वयमा) | १०० प्रतिशत |
| ३. | कृषि चुन, जिप्सम वितरण | माटो शिविर संलग्न प्रतिवेदन अनुसार | ७५ प्रतिशत |

१७. **<u>व्यवसायिक पशु फर्ममा मलमुत्र व्यवस्थापन कार्यक्रम</u> :** (१) व्यवसायिक रुपमा पशुपालन गर्ने फर्महरुमा सरसफाईको अवस्था उच्च राख्न, पशुहरुबाट उत्सर्जित मलमुत्रमा रहेका खाद्य तत्वहरुको क्षति हुन नदिई उचित संरक्षण एवं व्यवस्थापन गर्न र हरितगृह ग्याँस उत्सर्जन कम गर्न समेत मलमुत्रको उचित व्यवस्थापन गरिनु जरुरी भएकोले नगरपालिकाले मलमुत्र व्यवस्थापन कार्यक्रम सञ्चालन गरेको छ ।

(२) प्राविधिक पक्ष :

(क) मलमुत्र व्यवस्थापन कार्य भन्नाले पशुको पिसाब सङ्कलन, मल सङ्कलन, विभिन्न प्रविधिको प्रयोग गरी प्राङ्गारिक मल उत्पादन सम्बन्धी कार्यहरु सम्झनुपर्छ ।

(ख) मलमुत्र व्यवस्थापन कार्यका लागि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्थाले आवेदन पेश गर्न सक्नेछन् ।

(ग) यस कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने आवेदकको न्यूनतम योग्यता देहाय अनुसार हुनुपर्नेछ :

(अ) व्यवस्थित खोर/गोठ भएको,

(आ) कम्तिमा ५ माउ गाई वा भैंसी वा दुवै वा १५ वटा पाडापाडी पालन गरेको वा कम्तिमा १५ माउ भेडा वा बाखा वा दुवै पालन गरेको वा कम्तिमा १० माउ बंगुर वा २० वटा फ्याटनर (मासु उत्पादनका लागि पालिएका बंगुर) पालन गरेको,

(इ) पशुपालन सँगसँगै कृषि कार्य गर्ने कृषकहरूलाई प्राथमिकता दिइनेछ,

(घ) मलमुत्र व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्दा पानीको स्रोत र वातावरणमा प्रतिकूल प्रभाव पर्न नहुने,

(३) आर्थिक पक्ष : स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही देहायका कार्यहरुका लागि पचास प्रतिशत अनुदान वा प्रति संस्था बढिमा एक लाख रुपैयाँसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

(क) मलमुत्र व्यवस्थापनका लागि आवश्यक भौतिक संरचना निर्माण (गोठ/खोरमा मलमुत्र बग्ने नाला/गटर, व्यवस्थित भकारो नभएमा भकारो सुधार, पिसाब सङ्कलन ट्याङ्की, मल सङ्कलन पिट/कम्पोष्ट पिट निर्माण आदि),

(ख) मलमुत्र व्यवस्थापनका लागि आवश्यक ड्रम, पाइप, अन्य उपकरण तथा सामग्रीहरु खरिद,

(ग) छनौट भएका कृषकहरूलाई मलमुत्र व्यवस्थापन सम्बन्धी तालिम/अभिमुखीकरण प्रदान गर्न सकिनेछ ।

१८. **<u>अन्य कार्यक्रमहरुको हकमा अनुदान रकमको सीमा र प्रतिशत</u>** : माथि दफाहरुमा उल्लेखित कार्यक्रम बाहेक सञ्चालन हुने अन्य कार्यक्रमको हकमा अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछ :

(क) कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण सामग्री (बीउ, बेर्ना, विरुवा, माछा भूरा, टनेल सामग्री, बाली संरक्षण आदि) एवं कृषि मेशिनरी, औजार उपकरणको हकमा अनुदान रकमको सीमा पचास प्रतिशतसम्म हुनेछ ।

(ख) सिंचाइ पूर्वाधार निर्माणको हकमा अनुदान रकमको सीमा अधिकतम पचासी प्रतिशत हुनेछ ।

(ग) पशुपंक्षीजन्य औषधी निशुल्क रुपमा वितरण गर्न सकिनेछ ।

## परिच्छेद ५
## <u>विविध</u>

१९. **<u>कारबाहीको व्यवस्था</u>** : प्रस्ताव स्वीकृत भएको फर्म/समूह/समिति/सहकारीहरूले नियम विपरीत सम्झौता बमोजिमको कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन, नियम तथा कानुन अनुसार कारबाही गरी सरकारी रकम बाँकी सरह असुल उपर गरी फिर्ता गर्नुपर्नेछ ।

२०. **<u>अनुगमन समिति</u>** : यस कार्यविधि बमोजिम अनुदान प्राप्त संघ संस्थाले प्राप्त गरेको पाँच लाखभन्दा बढिको कार्यक्रमको नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले र सो भन्दा कम रकमको सम्बन्धित वडा अध्यक्षको अध्यक्षतामा रहेको अनुगमन समितिले अनुगमन गर्नेछ ।

२१. **<u>उजुरीको किनारा</u>** : (१) अनुदान सम्बन्धी आवेदनमा कसैले चित्त नबुझी नगरपालिकामा उजुरी दिएमा निम्न समितले उजुरीको छानविन गरी टुङ्गो लगाउनेछ ।

(क) संयोजक -नगरपालिकाको उपप्रमुख

(ख) सदस्य -नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य सचिव -नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको छनोट समितिमा नरहेको अधिकृत कर्मचारी

(२) उजुरी परेको बढिमा सात दिनमा विवादको किनारा गर्नुपर्नेछ ।

२२. **<u>प्रचलित कानुन बमोजिम हुने</u>** : यस कार्यविधिमा व्यवस्था भएका विषयहरू यसै कार्यविधि र यसमा उल्लेख नभएको विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

२३. **<u>अन्तिम व्याख्या</u>** : यस कार्यविधि कार्यान्वयनको सन्दर्भमा द्विविधा उत्पन्न भएमा नगरपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

२४. **<u>संशोधन</u>** : यस कार्यविधिलाई आवश्यक संशोधन गर्न परेमा नगरपालिकाको नगर कार्यपालिका बैठकबाट संशोधन गर्न सकिनेछ ।

२५. **<u>खारेजी र बचाउ</u>** : नगरपालिकाबाट यस अघि निर्माण भएको कृषि विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७ र आलु, लसुन, प्याज पकेट क्षेत्र सम्बन्धी कार्यविधि, २०७८ खारेज गरिएको छ । साथै उक्त निर्देशिका र कार्यविधिबाट भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची १**
**(दफा ४ सँग सम्बन्धित)**
**आवेदन पेश गर्ने सूचनाको ढाँचा**

पत्र संख्या : मिति :
चलानी नम्बर :

आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :

व्यास नगरपालिका कृषि/पशुपंक्षी सम्बन्धी आ.व. ............. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रमहरु रहेको हुँदा नगरपालिकाका इच्छुक कृषक, कृषि तथा पशुपंक्षी फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशित गरिएको मितिले कम्तिमा १५ दिनभित्र देहाय अनुसारको कागजतहरू सहित आवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं. | कार्यक्रम विवरण | कुल बजेट | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

आवश्यक कागजतहरू :

१. आवेदन एवं संक्षिप्त कार्ययोजना प्रस्ताव,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३. जग्गाधनीको लालपूर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि,

४. सम्बन्धित वडाको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,

५. जग्गाधनी पूर्जा वा करारमा लिएको भए करार पत्र,

६. संस्था/फर्मको हकमा व्यवसाय दर्ता/नवीकरण र प्यान दर्ता प्रमाणपत्र, अघिल्लो आ.व.को कर चुक्ता, अडिट रिपोर्ट, कार्यसमितिको निर्णय प्रतिलिपि,

७. कार्यक्रमको प्रकृति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गरिनेछ ।

नोट : आवेदनको ढाँचा/कार्ययोजनाको फारामहरु कृषि/पशुपंक्षी विकास उपशाखा एवं सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ । थप जानकारीको लागि सम्पर्क नं. :

## अनुसूची २
**(दफा ५ सँग सम्बन्धित)**
**<u>आवेदन फाराम</u>**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषय : प्रस्ताव पेश गरिएको बारे ।

उपर्युक्त विषयमा व्यास नगरपालिकाको मिति ....................... को प्रकाशित सूचना अनुसार म/हामी निवेदकले लागत साझेदारीमा ................ कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक प्रक्रियाको लागि तपसिलमा उल्लेखित कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको

हस्ताक्षर :

नाम :

ठेगाना :

मिति :

मोवाइल नं. :

संस्थाको छाप :

<u>संलग्न कागजातहरूको सूची</u>

१. आवेदन एवं संक्षिप्त कार्ययोजना प्रस्ताव,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३. संस्था/फर्मको हकमा व्यवसाय दर्ता/नवीकरण र प्यान दर्ता प्रमाणपत्र, अघिल्लो आ.व. को कर चुक्ता, अडिट रिपोर्ट, कार्यसमितिको निर्णय प्रतिलिपि,

४. सम्बन्धित वडाको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,

५. जग्गाधनी पूर्जा वा करारमा लिएको भए करार पत्र,

६. कार्यक्रमको प्रकृति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गरिनेछ ।

**अनुसूची ३**
**(दफा ५ सँग सम्बन्धित)**
**संक्षिप्त व्यवसायिक कार्ययोजना प्रस्ताव**

(क) आवेदकको संक्षिप्त परिचय

| | | |
|---|---|---|
| १. | प्रस्तावित कार्यक्रमको नाम | |
| २. | आवेदक संस्थाको नाम/ठेगाना | |
| ३. | कार्याक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ४. | सम्पर्क व्यक्तिको नाम | |
| ५. | सम्पर्क नं. | |
| ६. | अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| ७. | प्रस्तावित कार्यक्रमको उद्देश्यहरु | |
| ८. | जग्गाको उपलब्धता | |
| | बाली लगाउने क्षेत्रफल पर्याप्त छ/छैन | खेती गरेको/गरिने क्षेत्रफल |
| | सिंचित- असिंचित- | |

(ख) सम्बन्धित कृषि/पशुपंक्षी पालन व्यवसायको विवरण

(अ) कृषि पेशासँग सम्बन्धित

| क्र.स. | प्रमुख कृषि पेशाको विवरण | हाल उत्पादन भइरहेको क्षेत्रफल | कुल अनुमानित उत्पादन |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

(आ) पशुपन्क्षी पालन व्यवसायसँग सम्बनिधत

| क्र.स. | पशुको विवरण | पशुको संख्या (माउ) | उत्पादन विवरण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(इ) गोठ/खोरको संरचना सम्बन्धी विवरण :

(ई) मासिक गोठेमल/मुत्र उत्पादन क्षमता :

(ग) कार्यक्रम सञ्चालन गरिने जग्गाको स्वामित्व तलका मध्ये कुन हो उल्लेख गर्नुहोस् ।

१. आवेदकको स्वामित्वमा रहेको

२. लिज करार

(घ) यदि पछिल्लो दुई आ.व.मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गर्नु भएको छ?

१. छ  २. छैन (यदि अनुदान प्राप्त गर्नुभएको छ भने विवरण उल्लेख गर्नुहोस्)

| क्र.स. | अनुदान प्रदान गर्ने निकाय | कार्यक्रमको नाम | प्राप्त गरेको अनुदान रकम रू. | क्रिकलापहरूको विवरण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ङ) कार्यक्रमबाट लक्षित समूहको विवरण

१. महिला .....  २. युवा .... ३. दलित ...... ४. जनजाति ....... ५. विपन्न ......

| क. सं. | लाभान्वित सदस्यको नाम | सम्पर्क नं. | प्रमुख पेशा | खेती गरेको जग्गाको क्षेत्रफल (रोपनी) | मौरीघार विवरण | च्याउ घर, उत्पादन विवरण | टनेल/ कृषि औजार उपकरण | फलफूल विरुवा/ उत्पादन वितरण ( क्षेत्रफल सहित) | पुष्प खेती विवरण ( क्षेत्रफल सहित) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(च) प्रस्तावित कार्यक्रम सम्बन्धी तालिम लिए/नलिएको ?

(छ) रोजगारी सृजना (पूर्णकालीन र आंशिक रोजगारी सहित हालको वा प्रस्तावित वा दुवै)

(ज) लाभान्वित घरधुरी :

(झ) सिंचाइ व्यवस्थापन कसरी गर्नु हुन्छ?

-सिंचाइको स्रोत र सुनिश्चतता : ® बाह्रै महिना ® छ महिना भन्दा कम ® सिंचित हुने क्षेत्रफल :

(ञ) प्रस्तावित कार्यक्रम सम्बन्धी कार्य अनुभव भए/नभएको?

(ट) प्रस्तावित कार्यक्रममा माग गरिएको क्रिकलापहरूको विवरण विस्तृत विवरण

| क. सं. | क्रियाकलापहरुको विवरण | इकाइ | परिमाण | दर | जम्मा लागत रु. | सहकार्यको विभाजन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यालयको अनुदान रु. | आवेदकको साझेदारी रु. |
| १ | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(नोट : आवश्यकता अनुसार क्रियाकलापहरू थपघट गर्न सकिनेछ)

(ठ) व्यवसायिक योजना सम्बन्धी प्रस्ताव :

- नवीनतम सोच (नयाँ प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस्)
- बजार पहुँच र कृषि उपजको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?
- मूल्य अभिवृद्धि योजना
- दिगोपना

(ट) अन्य विषय केही भए उल्लेख गर्नुहोस् (जस्तै माटो परीक्षण गर्न आवश्यकता रहे/नरहेको, मौरीपालनको लागि वातवरणीय उपयुक्तता रहे/नरहेको आदि) ।

माथि उल्लेखित विवरणहरू सही रुपमा पेश गरेको छु, झुठो ठहरेमा कानुन बमोजिम सजायँ भोग्न तयार छु/छौँ ।

संस्थाको जिम्मेवार पदाधिकारीको नाम :

पद :

हस्ताक्षर :

मिति : संस्थाको छाप :

(नोट : कार्यक्रम सञ्चालन गर्ने निकायले प्रस्तावको ढाँचा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ ।)

**अनुसूची ४**
**(दफा ५ सँग सम्बन्धित)**
**लागत साझेदारीको प्रतिबद्धता पत्र**

तनहुँ जिल्ला, व्यास नगरपालिकाद्वारा मिति .................... गते प्रकाशित सूचना अनुसार व्यास नगरपालिका ........ नं. वडा ................................................ गाउँ/टोल स्थायी ठेगाना भएको श्री ...................................... ले लागत साझेदारीमा ............................................ कार्यक्रम सञ्चालनको लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु. ..................... को .......... प्रतिशतले हुन आउने रु. ..................... अक्षेरुपी .............................................. बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

निवेदकको
हस्ताक्षर :
नाम :
मिति :
संस्थाको नाम र छाप :

## अनुसूची ५
## (दफा ७ र ८ सँग सम्बन्धित)
## सम्झौता पत्र

व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष भनिने) र तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ……… को ……………………… स्थानमा सञ्चालनमा रहेको …………………………………… को …………………… श्री ……………………………………… (यस पछि दोश्रो पक्ष भनिने) बीच साझेदारी/सहकार्यमा आ.व. ………… को वार्षिक स्वीकृत ………………………………………………………………… कार्यक्रम तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सञ्चालन गर्न यो सझौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल :

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोश्रो पक्षले तोकिएको कार्यक्रमको प्राविधिकको स्वीकृत मापदण्ड र आर्थिक लागत अनुमान अनुसार तोकिएको बजेट रकमको सीमा भित्र रही क्रियाकलापहरु कार्यान्वयन गर्नुपर्नेछ ।

३. दोश्रो पक्षले चालु खर्च अन्तर्गतका कार्यहरु (बीउ, विरूवा, मल, विषादि, आदि) तथा पूँजीगत खर्च अन्तर्गतका क्रियाकलापहरु (पूर्वाधार निर्माण, मर्मत सम्भार, कृषि औजार, यन्त्र, उपकरण, साना सिंचाइ स्कीम सम्बन्धी कार्यहरु) सञ्चालन गर्दा स्वीकृत लागत अनुमान अनुसार नियमानुसारको बिल भरपाई तथा डोर हाजिर पेश गर्नुपर्नेछ ।

४. दोस्रो पक्षले लागत अनुमान अनुसार ……………………………………………………………… कार्यक्रम सञ्चालन गरेको हुनुपर्नेछ । यसरी सञ्चालन गरिने कार्यक्रमको कुल लागतको बढिमा ………. प्रतिशत अनुदान रकम वा बढीमा रु. ………………. मध्ये कम हुन आउने रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई कार्यसम्पन्न भएपछि बैंक खाता मार्फत रकम उपलब्ध गराउने छ ।

५. दोश्रो पक्षले शुरुमा आफ्नो लगानीबाट कार्य शुरुवात गरी कार्यसम्पन्न पश्चात् प्राविधिकको अन्तिम मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन, कामको नियमानुसारको भ्याट बिल र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गरे पश्चात् प्रथम पक्षले स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा नियमानुसारको कर कट्टा गरी अनुदान रकम भुक्तानी गर्नेछ ।

६. दोश्रो पक्षले मिति ………. साल ………….. महिना ……… गतेभित्र लागत अनुमान अनुसार काम सम्पन्न गरिसक्नुपर्नेछ ।

७. दोस्रो पक्षले आफ्नो व्यवसायमा पालेका पशुपंक्षीको अनिवार्य रुपमा बिमा गराउनुपर्नेछ ।

८. दोस्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्कने गरी सबैले देख्ने सूचना बोर्ड राख्नुपर्नेछ भने औजार उपकरणमा अनुदान विवरण लेख्नुपर्नेछ ।

९. यस कार्यक्रमबाट खरिद भएको मेशिनरी सामान र सुधार गरिएको भौतिक पूर्वाधारहरूको मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरू तथा सबै प्रकारका जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

१०. सम्झौता उल्लेख भए अनुसार प्राप्त अनुदानको उचित परिचालन गर्ने उत्तरदायित्व अनुदानग्राहीको हुनेछ । यदि पूर्ण वा आंशिक रुपमा उद्देश्य बाहेक अन्यत्र प्रयोग भएको पाइएमा पहिलो पक्षले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

११. पहिलो पक्ष र अनुदानग्राहीका बीचमा यस सम्झौतालाई लिएर कुनै विवाद सृजना भएमा दुवै पक्षले असल नियतका साथ आपसी समझदारीबाट विवाद समाधान गर्नेछन् ।

१२. अनुदानग्राहीले अनुदान प्राप्त गरिसकेपछि कम्तिमा पनि ३ वर्षसम्म व्यवसायलाई निरन्तरता दिनुपर्नेछ ।

१३. यस सम्झौतामा उल्लेख नभएका बिषयको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

| दोस्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | कार्यालय : |
| फोन नं. : | कार्यालयको छाप |
| संस्थाको छाप | |

| साक्षी | साक्षी |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |

इति सम्वत् ......... साल ............. महिना ........ गते रोज ...... शुभम् ।

**अनुसूची ६**
**(दफा ६ सँग सम्बन्धित)**
**प्रस्ताव मूल्याङ्कनका आधारहरू**

(क) च्याउ तथा पुष्प खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम

| क्र.स. | मूल्याङ्कनका आधारहरू | अङ्कभार |
|---|---|---|
| १. | कार्यान्वयन स्थलमा उपयुक्त छायाँघर/कक्ष उपलब्धता | २० |
| क. | उपयुक्त छायाँघर/कक्ष उपलब्ध भएको | २० |
| ख. | उपयुक्त छायाँघर/कक्ष उपलब्धता नभएको | १० |
| २. | अघिल्लो च्याउ/फूल उत्पादनको अनुभव र परिमाण (उत्पादनको आधारमा १-१० अङ्क प्रदान गरिने) | १० |
| ३. | कृषि व्यवसायमा सक्रियता र दीर्घकालीन प्रतिवद्धता | १५ |
| क. | आगामी ३ वर्षसम्म कार्यक्रमलाई निरन्तरता दिने | १५ |
| ख. | आगामी ३ वर्षसम्म कार्यक्रमलाई निरन्तरता नदिने | १० |
| ४. | अनुदानको अवस्था | १५ |
| क. | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १५ |
| ख. | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको | १० |
| ५. | लक्षित समूह प्राथमिकता (महिला, युवा, जनजाति, विपन्न किसान) | १० |
| क. | महिला, युवा, जनजाति, दलित, विपन्न किसान सहभागिता भएको | १० |
| ख. | महिला, युवा, जनजाति, दलित, विपन्न किसान सहभागिता नभएको | ५ |
| ६. | बजार पहुँच र बिक्री वितरण सञ्जाल | १५ |
| क. | बजार पहुँचमा राम्रो भएको | १५ |
| ख. | बजार पहुँच नभएको | १० |
| ७. | सम्बन्धित तालिम प्राप्त/लिन इच्छुक | १५ |
| क. | सम्बन्धित विषयमा तालिम लिएको | १५ |
| ख. | सम्बन्धित विषयमा तालिम नलिएको | १० |
| | **जम्मा** | **१००** |

(ख) सुन्तला लगायत फलफूल, बगैँचा व्यवस्थापन ५० प्रतिशत अनुदान कार्यक्रम

| क्र.स. | मूल्याङ्कनका आधारहरू | अङ्कभार |
|---|---|---|
| १. | बगैंचाको क्षेत्रफल र उचाइ उपयुक्तता | २० |
| क. | तोकिएको क्षेत्रफल वा सो भन्दा बढी उत्पादन गर्ने भएमा | २० |
| ख. | तोकिएको क्षेत्रफलमा मात्र उत्पादन गर्ने भएमा | १५ |
| २. | सिंचाइ पहुँच र संरक्षण उपायहरू | १५ |
| क. | सिंचाइ सुविधा र संरक्षण भएको | १५ |
| ख. | सिंचाइ सुविधा र संरक्षण नभएको | १० |
| ३. | फलफूल खेतीको अघिल्लो अनुभव र उत्पादन विवरण (उत्पादनको आधारमा १-१५ अङ्क प्रदान गरिने) | १५ |
| ४. | सुधारिएको प्रविधि (ग्याप फिलिङ्ग, मलजल, मल्चिङ्ग) अवस्था (स्थलगत अनुगमनको आधारमा प्रस्ताव मूल्याङ्कन गरी १-१० अङ्क प्रदान गर्ने) | १० |

| | | |
|---|---|---|
| ५. | लक्षित समूह प्राथमिकता (महिला, युवा, जनजाति, विपन्न किसान) | १० |
| क. | महिला, युवा, जनजाति, दलित, विपन्न किसान सहभागिता भएको | १० |
| ख. | महिला, युवा, जनजाति, दलित, विपन्न किसान सहभागिता नभएको | ५ |
| ६. | अनुदानको अवस्था | २० |
| क. | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | २० |
| ख. | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको | १० |
| ७. | सम्बन्धित तालिम प्राप्त/लिन इच्छुक | १० |
| क. | सम्बन्धित विषयमा तालिम लिएको | १० |
| ख. | सम्बन्धित विषयमा तालिम नलिएको | ५ |
| | **जम्मा** | **१००** |

(ग) आलु लगायत तरकारी पकेट क्षेत्र ५० प्रतिशत अनुदान

| **क.स.** | **मूल्याङ्कनका आधारहरू** | **अङ्कभार** |
|---|---|---|
| १. | पकेट क्षेत्र अन्तर्गत पर्ने कृषक समूह/कृषि सहकारी | २० |
| क. | २५ भन्दा बढी कृषक घरधुरी संख्या भएमा | २० |
| ख. | २५ भन्दा कम कृषक घरधुरी संख्या भएमा | १० |
| २. | सिंचाइ र सडक पहुँच | १५ |
| क. | सिंचाइ र सडक पहुँच भएको | १५ |
| ख. | सिंचाइ र सडक पहुँच व्यवस्था गर्न सकिने | १० |
| ३. | कृषि व्यवसायमा सक्रियता र दीर्घकालीन योजना | १० |
| क. | आगामी ३ वर्षसम्म वा सो भन्दा बढी कार्यक्रमलाई निरन्तरता दिने | १० |
| ख. | आगामी ३ वर्षसम्म कार्यक्रमलाई निरन्तरता नदिने | ५ |
| ४. | आधुनिक प्रविधि (टनेल, ड्रिप सिंचाइ) अपनाउने योजना | १० |
| क. | आधुनिक प्रविधि अपनाएको | १० |
| ख. | आधुनिक प्रविधि नअपनाएको | ५ |
| ५. | अघिल्लो तरकारी उत्पादन र बजारीकरण अनुभव | १० |
| क. | बजारीकरण अनुभव भएको | १० |
| ख. | बजारीकरण अनुभव नभएको | ५ |
| ६. | लक्षित समूह प्राथमिकता | १० |
| क. | महिला, युवा, जनजाति, दलित, विपन्न किसान सहभागिता भएको | १० |
| ख. | महिला, युवा, जनजाति, दलित, विपन्न किसान सहभागिता नभएको | ५ |
| ७. | सम्बन्धित तालिम प्राप्त/लिन इच्छुक | १० |
| क. | सम्बन्धित विषयमा तालिम लिएको | १० |
| ख. | सम्बन्धित विषयमा तालिम नलिएको | ५ |
| ८. | अनुदानको अवस्था | १५ |
| क. | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १५ |
| ख. | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको | १० |
| | **जम्मा** | **१००** |

(घ) मौरी गोला, घार तथा अन्य उपकरण वितरण कार्यक्रम

| **क.स.** | **मूल्याङ्कनका आधारहरू** | **अङ्कभार** |
|---|---|---|
| १. | मौरीपालनको वातावरणीय उपयुक्तता (पानी, बगैंचा, वनस्पति) स्थलगत अनुगमनको आधारमा प्रस्ताव मूल्याङ्कन गरी १-० अङ्क प्रदान गर्ने) | २० |
| २. | मौरीपालनको पूर्व अनुभव र उपलब्धि (उत्पादनको आधारमा १-१५ अङ्क प्रदान गरिने) | १५ |
| ३. | कृषि व्यवसायमा सक्रियता र दीर्घकालीन योजना (आगामी वर्षहरुमा समेत मौरीपालन विस्तार गर्नेलाई बढि प्राथमिकता दिइने) | १० |
| ४. | आधुनिक प्रविधि र उपकरण प्रयोग गर्न तत्परता (प्रस्ताव मूल्याङ्कन गरी १-१० अङ्क दिइने) | १० |
| ५. | लक्षित समूह प्राथमिकता (महिला, युवा, जनजाति, विपन्न किसान) | १५ |
| क. | महिला, युवा, जनजाति, विपन्न किसान सहभागिता भएको | १५ |
| ख. | महिला, युवा, जनजाति, विपन्न किसान सहभागिता नभएको | १० |
| ६. | अनुदानको अवस्था | १५ |
| क. | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १५ |
| ख. | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको | १० |
| ७. | सम्बन्धित तालिम प्राप्त/लिन इच्छुक | १५ |
| क. | सम्बन्धित विषयमा तालिम लिएको | १५ |
| ख. | सम्बन्धित विषयमा तालिम नलिएको | १० |
| | **जम्मा** | **१००** |

(ङ) व्यवसायिक पशु फर्ममा मलमुत्र व्यवस्थापन कार्यक्रम

| **क.सं.** | **मुल्याङ्कनका आधार** | **अङ्कभार** |
|---|---|---|
| १. | पूर्वाधारको अवस्था | ५ |
| (क) | व्यवस्थित गोठखोर भएको | ५ |
| (ख) | व्यवस्थित गोठखोर नभएको | ० |
| २. | लागत साझेदारी | १० |
| (क) | कुल लागतको ५० प्रतिशतका लागि ५ अङ्क र सोभन्दा बढी भएमा प्रति ५ प्रतिशतका लागि १ अङ्क थप गर्दै अधिकतम १० अङ्क प्रदान गर्ने । | १० |
| ३. | रोजगारी सृजना (प्रत्यक्ष) | ५ |
| (क) | एकाघरको परिवार बाहेक कम्तिमा थप एक जनालाई रोजगारी दिने | ५ |
| (ख) | एकाघरको परिवार बाहेक अन्यलाई रोजगारी नदिने | ३ |
| ४. | पशु संख्या | ५ |
| (क) | कम्तिमा ५ माउ गाई/भैंसी वा १५ वटा पाडापाडी पालन गरेको वा कम्तिमा १५ माउ भेडा वा बाखा वा दुवै पालन गरेको वा कम्तिमा १० माउ वंगुर वा २० वटा फ्याटनर (मासु उत्पादनका लागि पालिएका वंगुर पालन गरेको भएमा ५ अङ्क प्रदान गरी थप २० प्रतिशत पशु संख्याका लागि १ अङ्क थप गर्दै अधिकतम १० अङ्क प्रदान गर्ने । | |
| ५. | प्राविधिक उपयुक्तता | ५ |

| | | |
|---|---|---|
| (क) | पर्याप्त र उपयुक्त जमिन भएको, पानीको स्रोत र वातावरणमा प्रतिकुल प्रभावन पर्ने | ५ |
| (ख) | पर्याप्त र उपयुक्त जमिन भएतापनि पानीको स्रोत र वातावरणमा प्रतिकुल प्रभाव पर्ने | ० |
| ६. | मलमुत्र व्यवस्थापन सम्बन्धी कार्य | १० |
| (क) | झोल तथा ठोस मल उत्पादनका लागि सङ्कलन, प्राङ्गारिक मल उत्पादन सम्बन्धी कार्य गर्ने | १० |
| (ख) | झोल तथा ठोस मल सङ्कलन व्यवस्थापन मिलाई बिक्री वितरण माग गर्ने | ५ |
| ७. | जोखिम व्यवस्थापन, नवीनतम सोच, दिगोपना आदि (स्थलगत प्रमाणीकरण र प्रस्तावकसँगको अन्तरक्रियाका आधारमा १ देखि १० अङ्क दिने) | १० |
| ८. | कृषि कार्यमा संलग्नता रहेको | ५ |
| | **जम्मा** | **५५** |

**अनुसूची ७**
**(दफा ७ सँग सम्बन्धित)**

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश

कार्यक्रम सार्वजनिक सूचना बोर्ड आ.व. …………

कार्यक्रमको नाम :

कार्यक्रम सञ्चालन गर्ने कृषि फर्म/कृषक समूह/कृषि सहकारी/समितिको नाम :

सञ्चालन हुने स्थान :

कार्यक्रमको कुल लागत रु. :

नगरपालिकाबाट उपलब्ध हुने अनुदान रकम रू. :

लाभग्राहीको लगानी :

सम्झौता मिति :

कार्यसम्पन्न मिति :

सम्पर्क नं. :

आज्ञाले
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत